# जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर
# हेटौंडा–२०६२
# संघका नीति नियमहरू

१) बचत तथा ऋण सहकारीहरूले संघको सदस्य बन्न कम्तीमा प्रति शेयर रु. १०००/– का दरले १० थान रु. १०,०००/– को शेयर लिनु पर्नेछ ।

२) सदस्य संस्थाले मासिक रुपमा रु. १,०००/ नियमित बचत गर्नु पर्नेछ । बचतको ब्याज बचत प्राप्त भएको भालिपल्ट देखि गणना गरी दिइनेछ । बचत झिक्दा २५ प्रतिशत खातामा राखी अरु रकम झिक्न पाईनेछ ।

३) नियमित बचतको ब्याज दर ७% कायम गरिएको छ ।

४) ऐच्छिक बचत खाता रु १०,००० मा खोल्न सकिने छ । यस बचतको ब्याज दर ७% कायम गरिएको छ ।

५) यस संघमा तरलता बचत सेवा पनि उपलब्ध रहेको छ । जसको व्यजदर ९% कायम गरिएको छ र रु.१०,०००/– मा यसको खाता प्रारंभ गर्न सकिने छ ।

५) संघले अन्तर लगानीको लागि ब्याज दर १२% तोकेको छ ।

६) रु. १,००,०००/ सम्म ऋण लिन २५ थान शेयर अर्थात रु. ५०००/–को शेयर हुनु पर्नेछ ।

७) रु. १,००,०००/– भन्दा माथि २०,००,०००/– सम्म ऋण लिन परेमा प्रति लाख १० थान शेयर थप  गर्नुपर्नेछ ।

८) संघमा सदस्य बन्नको लागि सदस्य संस्थाले रु. ५००/ प्रवेश शुल्क तिर्नु पर्नेछ ।

९) सदस्य संस्थाले संघमा  वार्षिक सदस्यता शुल्क जिल्ला संघको मात्र सदस्य हुने अवस्थामा प्रति शेयर सदस्यको रकम रु. २/– का दरले र नेफ्स्कुन ( नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ) मा सदस्य हुँदाको अवस्थामा रु. ५/ का दरले वार्षिक सदस्यता शुल्क लाग्नेछ । जुन रकम फिर्ता हुने छैन ।

१०) सदस्य संस्थाहरूले नियमित मासिक रुपमा प्रगति विवरण पठाउनु पर्नेछ ।

११) प्रारम्भिक साधारण सभा भैसकेका सहकारीहरुले जिल्ला संघमा सदस्यताका लागि आवेदन दिन सक्नेछ

१२) संघबाट ऋण लिंदा ऋणको सिमा हेरी न्यूनतम १२ महिना देखि अधिकतम २४ महिनाको ऋण भुक्तानी अवधि हुनेछ ।

१३) सहकारी संस्थाहरुको लागि आवश्यक खाता पाता समेत सहुलियत मूल्यमा यसै संघबाट उपलब्ध गराईदै आइएको छ

## संघको सदस्यता लिन आवश्यक कागजातहरु :–

१. विनियम
२. बचत तथा ऋण नीति प्रतिलिपि
३. व्यवसायिक योजनाको प्रतिलिपि
४. साधारण सभाको निर्णयको प्रतिलिपि
५. संचालक तथा लेखा सुपरिवेक्षण समितिको नाम,शैक्षिक योग्यता,पेशा, सम्पर्क नम्बर, पद सहित लिस्टमा तयार गर्ने ।
६. संचालक तथा लेखा सुपरिवेक्षण समितिको नागरिकताको प्रतिलिपि, तीनपुस्ते विवरण सहित फोटो राखेर ।
७. सम्पूर्ण शेयर सदस्यहरुको नामवली र ठेगाना
८. मासिक प्रगति प्रतिवेदन
९. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
१०. बैठक निर्णय प्रतिलिपि
११. संस्थाको प्रतिनिधि चयन निर्णय प्रतिलिपि
१२. यस आ.व.को लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि
१३ प्यान दर्ता प्रमाणपत्रको फोटोकपी ।